# आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

**चौरजहारी नगरपालिका**

**रुकुम (पश्चिम)**

**२०८१**

**नगरसभाको बैठकमा मिति २०८१ असार ७ गते शुक्रबार**
**नगर प्रमुख श्री पुष्प बादीज्यूद्वारा**
**प्रस्तुत**

# आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

**चौरजहारी नगरपालिका**
**रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश**
**२०८१**

**चौरजहारी नगरपालिकाको यस गरिमामय सभाका सदस्यहरू,**

१. नेपाली जनताले पटक-पटक गरेको लामो सङ्घर्ष र बलिदानको उपलब्धि स्वरूप जारी भएको नेपालको संविधानबमोजिम गठित चौरजहारी नगरपालिकाका जनताको प्रतिनिधिमूलक यस गरिमामय सभामा निर्वाचित भएपश्चात् तेस्रो पटक चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

२. सर्वप्रथम सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक, समावेशीता, धर्म निरपेक्षता, सामाजिक न्याय स्थापनाका लागि जनयुद्ध, जनआन्दोलनलगायतका अन्य सङ्घर्षमा जीवन उत्सर्ग गर्नुहुने महान शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यस क्रममा बेपत्ता, घाइते, अपाङ्गता भएका योद्धा, शहीद परिवार र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भइ योगदान गर्नुभएका सबैमा उच्च सम्मान व्यक्त गर्दछु । २०८० कार्तिक १७ गते जाजरकोट रामीडाँडा केन्द्रविन्दु भइ गएको भूकम्पका कारण ज्यान गुमाउने यस चौरजहारी नगरपालिकाका नगर प्रहरी जवान निरोज विष्टप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरू २३ जनालाई स्मरण गर्दै सबैको पूर्ण स्वास्थ्य लाभको कामना गर्दछु ।

**सभाका सदस्यज्यूहरू !**

३. **'समृद्ध चौरजहारी : जनउत्तरदायी सरकार'** को दीर्घकालीन सोच हासिल गर्ने अभियानमा चौरजहारी नगर कार्यपालिका र अन्तर्गतको समग्र टिम क्रियाशील छ । आवधिक योजना, परियोजना बैङ्क र मध्यकालीन खर्च संरचना निर्माण गरी योजनाले लिएका लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिहरू कार्यान्वयन गर्दै गरिबी निवारण र आर्थिक समृद्धि र सामाजिक रुपान्तरणसहितको समानुपातिक समावेशी विकास हासिल गर्ने दिशातर्फ आगामी कार्यक्रमहरू केन्द्रित हुनेछन् ।

४. आर्थिक मन्दीको चुनौतीलाई पन्छाउँदै दीगो विकास लक्ष्य प्राप्त गर्न नगरपालिका प्रतिवद्ध रहेको छ । सामाजिक न्याय, सुशासन र समृद्धिसँगै शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारी, मानव संसाधन विकास र नागरिक शिक्षाको प्रवर्धनलाई नगरपालिकाले प्राथमिकता दिएको छ ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

५. नेपालको संविधानमा उल्लेखित मौलिक हक, निर्देशक सिद्धान्त तथा नीतिहरू, नेपाल सरकारको सोह्रौं आवधिक योजना, कर्णाली प्रदेश सरकारको प्रथम आवधिक योजना, दीगो विकास लक्ष्य, नेपालले अन्तराष्ट्रिय मञ्चमा गरेका प्रतिवद्धता, आर्थिक वर्ष २०८१/०८२ को सङ्घ सरकार र कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यलाई आत्मसात गरी चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**सभाका सदस्यज्यूहरू,**

## आर्थिक विकास

६. स्थानीय स्तरमै रोजगारीको अवसरका लागि युवा उद्यमका लागि आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ । एक वडा एक नमुना उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ । त्यसका लागि सहलगानीमा कृषि व्यवसाय प्रवर्धदन कार्यक्रम सञ्चालन गरिनेछ । बिना धितो सहकार्य समूहमार्फत् सहुलियत दरको ऋण प्रदान गर्ने व्यवस्थाका लागि राष्ट्रिय वाणिज्य बैङ्कसँग थप पहल गरिनेछ । सहुलियतपूर्ण कर्जाका लागि महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत तथा लक्षित वर्ग, जनयुद्धका सहिद र घाइते परिवारलाई प्राथमिकता दिइनेछ ।

७. कृषिमा आधारित उद्योग व्यवसायलाई प्रवर्धन गरिनेछ । कृषिको विविधिकरण, व्यवसायीकरण र यान्त्रीकरणको लागि सङ्घ तथा प्रदेश सरकारसँग साझेदारी गरिनेछ । कृषकहरूलाई प्रोत्साहन गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । नगरपालिका र कृषकहरूबीच उत्पादनको सम्झौता गरी सार्वजनिक निजी साझेदारीमा बजारीकरण गर्ने प्रबन्ध मिलाइनेछ । कृषिको जोखिम न्यूनीकरणका लागि कृषकसँगको सहकार्यमा कृषि र पशुपंक्षी बिमा कार्यक्रममा आवद्ध गरिनेछ।

८. रोजगार सिर्जना, खाद्यन्नमा आत्मनिर्भर, गरिबी र भोकमरी अन्त्यका लागि जमीनको सही सदुपयोग हुन आवश्यक छ । **'बारीका पाटा र खेतका गरा : बनाऔं सधैं हराभरा'** भन्ने नारासहित खेतीयोग्य जमीन बाँझो राख्न नपाइने नीतिलाई निरन्तरता दिइनेछ । चक्लाबन्दी तथा गरा सुधारको योजना अगाडि बढाइनेछ । सिंचाइ पूर्वाधारको निर्माण तथा मर्मत सम्भारलाई प्राथमिकता दिइनेछ ।

चौरजहारी नगरपालिका (मुख्य)

९. वडा नं. २ मा कृषि हाटबजार सङ्कलन केन्द्र सञ्चालनमा ल्याइनेछ। सङ्घ र प्रदेश सरकारसँगको साझेदारीमा बिउ उत्पादन तथा प्रशोधन भण्डारण केन्द्र, दुध र खसी सङ्कलन तथा प्रारम्भिक प्रशोधन केन्द्र, खाद्य भण्डार केन्द्र, कृषि सामग्री केन्द्र निर्माण गर्नुका साथै कोल्ड स्टोर सञ्चालनमा ल्याइनेछ। कोटजहारी लगायतका वस्तीहरूमा कफी खेतीको पकेट क्षेत्र बनाइनेछ। कृषि र पशुतर्फको प्राविधिक सेवालाई नियमित, थप व्यवस्थित र प्रभावकारी रुपमा परिचालन गरिनेछ। पशुपालनको व्यवसायीकरण गर्न दुग्ध सङ्कलन केन्द्र निर्माण गरिनेछ। त्यसका लागि यस वर्ष चिलिङ् भ्याट खरिद तथा जडान गरिनेछ। खाना नपुग्नेलाई पुग्ने बनाउने, पुग्नेलाई बचत र बचत भएकोलाई लगानी गर्ने नीति अवलम्बन गरिनेछ।

१०. चौरजहारी नगरपालिका तरकारी र खाद्य बिउँ उत्पादनका लागि उचित भूबनोट रहेको छ। कृषिको व्यवसायीकरणका लागि चौरजहारी नगरपालिकामा बिउँ उद्योग स्थापना गर्नुका साथै प्याकेजिङ, लेबलिङ र ब्रान्डिङ गरी निर्यातको प्रबन्ध मिलाइनेछ। कृषि तथा पशु एम्बुलेन्स सञ्चालन गरिनेछ। नश्ल सुधारका लागि पशुमा कृत्रिम गर्भाधारण गर्न जनशक्तिसहित घरदैलोमै सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।

११. कृषि पेसालाई सम्मानित र व्यवसायीकरण गर्न कृषक उत्प्रेरणाका कार्यक्रम सञ्चालन गरिनेछ। उत्कृष्ट कृषकहरूलाई नगरपालिकाबाट सम्मान गर्ने व्यवस्था मिलाइनेछ। लघु उद्यम कार्यक्रम अन्तर्गत सीप विकास तथा आर्यआर्जन गर्न तालिम, प्रशिक्षण तथा समूहमा प्रविधि हस्तान्तरणको व्यवस्था मिलाइनेछ।

१२. नगरपालिकाबाट नै लघु, घरेलु तथा साना उद्योग दर्ता, नवीकरण र नियमन हुने व्यवस्था कार्यान्वयन गरिनेछ। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई थप व्यवस्थित गरी प्रभावकारी बनाइनेछ। परम्परागत पेसा र सिपको प्रवर्धन गर्दै स्वरोजगार र आत्मनिर्भतामा केन्द्रित गरिनेछ।

१३. सङ्घ तथा प्रदेश सरकारसँगको साझेदारीमा किसान सूचीकरण गरी किसान परिचयपत्र उपलब्ध गराइनेछ। परिचयपत्र प्राप्त किसानहरूलाई उत्पादनको आधारमा अनुदान दिइनेछ। नगरपालिको क्षेत्राधिकार भित्रका सहकारी संस्थाहरूको नियमन र व्यवस्थापन गरिनेछ। सबै सहकारी संस्थाहरूलाई व्यवस्थित बनाउन सफ्टवेयर प्रणालीमा आवद्ध गरिनेछ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

१४. कृषकहरूलाई समयमै मल बिउँ उपलब्ध गराउन आवश्यक समन्वय र सहकार्य गरिनेछ । आफ्नो सम्पूर्ण जीवनकाल कृषि व्यवसायमा व्यथित गर्ने किसानहरूलाई मध्यनजर गरी कृषक पेन्सन कार्यक्रम लागू गर्न सङ्घ र प्रदेशसँग पनि सहकार्य गरिनेछ । वास्तविक गरिव घरपरिवार पहिचान गरी आर्थिक वृद्धि र विकाससहितको उत्थानका लागि गरिव घरपरिवार परिचयपत्र प्रदान गरिनेछ।

१५. सङ्घ र प्रदेश सरकारसँगको सहकार्य र समन्वयमा भू- उपयोग योजना तर्जुमा गरिनेछ । नगरपालिका क्षेत्रभित्र रहेका ऐलानी तथा सार्वजनिक जग्गाको संरक्षण र उपभोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ । जग्गा उपभोग गरे वापत् कानुनबमोजिम नगरपालिकामा राजश्व तिर्नुपर्ने नीतिलाई निरन्तरता दिइनेछ । भूमीसम्बन्धी समस्या समाधान आयोगसँगको समन्वयमा भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासको समस्या समाधान गरिनेछ ।

१६. रोजगारी सृजनाका लागि उद्योग व्यवसाय सञ्चालन तथा व्यवस्थापन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ । उद्योग क्षेत्रको विकासका लागि निजी तथा सार्वजनिक क्षेत्रलाई प्रोत्साहन गरिनेछ । विशेष गरी महिला उद्यमीहरूबाट उत्पादित वस्तुहरू सङ्कलन गरी विक्री गर्न तथा उद्यमीहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ, मेसिन औजार आपूर्ति गर्न कोशेलीघर स्थापना गरी सञ्चालन गरिनेछ ।

१७. आयआर्जन, संस्कृतिको आदानप्रदानका र पुनतार्जगीका लागि पर्यटन आवश्यक छ । चौरजहारी नगरपालिकामा पनि पर्यटन प्रवर्धनका लागि राम्रो सम्भावना रहेको छ । सङ्घ तथा प्रदेश सरकारसँगको साझेदारीमा भेरी नदीमा र्‍याफ्टिङ व्यवसाय सञ्चालन, मालिका, लापुले गाउँ देवल, शिवगुफा, चमेरे गुफा आदि स्थानमा पर्यटन पूर्वाधार निर्माण गरिनेछ । मालिका चौरजहारी प्यारागलाइडिङ, स्यालखोला मोक्षद्वारी, गढीलेक केबुलकार र चमेरे गुफा क्षेत्रमा बन्जीजम्पका लागि सम्भाव्यता अध्ययन गरिनेछ । नगर क्षेत्रका उपयुक्त स्थानहरुमा पर्यटन पूर्वाधार निर्माण गरी नगरपालिकालाई पर्यटनको आकर्षक गणतव्यका रूपमा विकास गर्दै लिइनेछ । यस वर्ष वडा नं. ३ मा मैखारा शहीद स्मृति पर्यटन पूर्वाधार र वडा नं. १४ मा नुवाकोट शिवगुफा पूर्वाधार निर्माण गरिनेछ ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

**१८.** पर्यटन प्रवर्धनका लागि चौरजहारी नगरपालिका १२ स्थित जुम्लीपोखरी र वडा नं. ४ अमलाटाकुरामा होमस्टे सञ्चालन गरिनेछ । पर्यटन र सहज आवागमनका लागि चौरजहारी विमानस्थललाई विस्तार गर्न सङ्घ सरकारसँग पहल गरिनेछ । विमानस्थल नियमित सञ्चालनको व्यवस्था मिलाउन पहल गरिनेछ ।

**१९.** नगरपालिका क्षेत्रभित्रको विकास र समृद्धिका लागि लगानी आकर्षण गर्न अन्य स्थानीय तहसँग समधुर सम्बन्ध कायम गरिनेछ । त्यसका लागि आवश्यक प्रक्रिया पूरा गरी देशभित्रका साथै अन्तराष्ट्रिय स्तरका स्थानीय तहसँग समेत भगिनी सम्बन्ध स्थापना तथा विस्तार गरिनेछ । अनुभव आदानप्रदानमार्फत् यस नगरपालिकाको आन्तरिक विकासका सम्भावनाहरूको अध्ययन गरी लगानीको वातावरण सृजना गर्न '**लगानी सम्मेलन**'को आयोजना गरिने छ ।

**२०.** साहित्य, कला, सांस्कृतिक सम्पदा हाम्रो मौलिक पहिचान हुन् । त्यसैले सु-संस्कृति, कला, लोकसङ्गीत, जनसङ्गीत, पुरातात्विक सम्पदाहरूको संरक्षण तथा जगेर्ना गरिनेछ । साहित्यिक प्रतिभाहरूको संरक्षणका लागि सृजना खोज तथा प्रकाशनको प्रबन्ध मिलाइनेछ ।

**२१.** चौरजहारी नगरपालिका क्षेत्रभित्रका ४ सय जना बेरोजगारहरूलाई रोजगार प्रदान गरिनेछ । प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रममार्फत् सिंचाइ, खानेपानी, पैदल मार्ग लगायत पूर्वाधार निर्माणका क्षेत्रमा परिचालन गरिनेछ । रोजगार कार्यक्रमलाई रोजगारीका साथै पूर्वाधार निर्माणमा परिचालन गरिनेछ ।

**२२.** कामका लागि नगद कार्यक्रम सञ्चालन गरिनेछ । उक्त कार्यक्रममा ८ सय ६० जनालाई ४० दिनको रोजगारी प्रदान गरिनेछ । सीपयुक्त जनशक्ति विकासका आधार हुन् । सीपयुक्त जनशक्ति विकासका लागि १ सय जनालाई मागका आधारमा तालिम प्रदान गरिनेछ ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

## सामाजिक विकास

**२३.** शिक्षा क्षेत्रको विकासका लागि सबैलाई जिम्मेवार बनाइनेछ । विद्यालय तहको शिक्षाको व्यवस्थापनका लागि छुट्टै नगर शिक्षा विकास कोष स्थापना गरिनेछ । उक्त कोषमा जनप्रतिनिधि, कर्मचारी, शिक्षकले कम्तिमा एक दिनको तलबभत्ता उक्त कोषमा योगदान गर्ने अनिवार्य व्यवस्था मिलाइनेछ । निर्माण व्यवसायी, उपभोक्ता समिति तथा कार्यक्रम कार्यान्वयनको बजेटबाट कम्तिमा ०.५ प्रतिशत रकम शिक्षा विकास कोषमा जम्मा गरिनेछ । सरकारी तथा गैरसरकारी सङ्घ संस्थाहरूका साथै विवाह, व्रतबन्ध, जन्मदिनका साथै आमाबुवा तथा आफन्तजनहरूको सम्झनामा शिक्षा क्षेत्रको विकासका लागि योगदान गर्न प्रेरित गरिनेछ ।

**२४.** विद्यार्थी सङ्ख्या अधिक र शिक्षक सङ्ख्या न्यून भएका विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात मिलाउन नगर शिक्षक परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक व्यवस्थापन गरिनेछ । सञ्चालित कक्षा, शिक्षकहरूको दक्षता, पूर्वाधार विकास र सिकाइ अवस्थासमेतका आधारमा अगुवा विद्यालय तोकी सेवा क्षेत्रभित्रका अन्य विद्यालयहरूसँगको शैक्षिक अवस्था सुधारको लागि समेत सहकार्य र समन्वयमार्फत् जिम्मेवार बनाइनेछ ।

**२५.** संविधानको मर्मअनुरूप अनिवार्य र नि:शुल्क शिक्षाको प्रत्याभूति गरिने छ । अति विपन्न दलित, गरिव तथा जेहेन्दार विद्यार्थीहरूका लागि पैसाकै कारण पढाइबाट बञ्चित हुन नदिन नगर प्रमुख विद्यार्थी सहायता कोष स्थापना गरिनेछ । छात्राहरूलाई पढाइको निरन्तरताका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ । गणित, अङ्ग्रेजी र विज्ञान मुल विषय लिइ अध्ययन गर्ने विद्यार्थीहरूलाई प्रोत्साहन गरिनेछ । विद्यालयमा अध्ययनरत ४ सय ५० जना विद्यार्थीहरूलाई ३ हजारका दरले छात्रवृत्ति प्रदान गरिनेछ ।

**२६.** प्रारम्भिक बालशिक्षादेखि कक्षा ५ सम्मका बालबालिकाहरूका लागि पोसाक र अभ्यास पुस्तिका प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ । विद्यार्थीहरूका लागि निशुल्क पाठ्यपुस्तक र छात्राहरूका लागि स्यानिटरी प्याड प्रदान गरिनेछ । सुरक्षित विद्यालयका लागि विद्यालयहरूमा घेराबार निर्माण गरिनेछ । शीतल माध्यमिक विद्यालय चौरजहारी र हिमालय माध्यमिक विद्यालय खोलागाउँलाई आवाशीय विद्यालय बनाउन प्रदेश र सङ्घ सरकारसँगको सहकार्यमा आवश्यक

पूर्वाधारको निर्माण गरिनेछ । मा.वि. कोटजहारी, जनकल्याण आधारभूत विद्यालय रातामाटा र जनज्योति आधारभूत विद्यालय मुलपानीको थप भौतिक संरचना निर्माण गरिनेछ ।

**२७.** विद्यालय शिक्षामा नवीनतम् सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई जोड दिइनेछ । सबै विद्यालयहरूमा इन्टरनेट सेवा विस्तारलाई पूर्णता दिइ नियमित र गुणस्तरीय बनाइनेछ । विद्यायहरूमा इ-हाजिरी को कार्यलाई थप व्यवस्थित र अनिवार्य गरिनेछ। बालविकास कक्षालाई प्रविधियुक्त बालमैत्री बनाउदै लिइनेछ।

**२८.** हाम्रो चौरजहारी स्थानीय पाठ्यक्रमको मर्म अनुरूप **'शिक्षासँग श्रम'** कार्यक्रम नमुनाका रुपमा सञ्चालन गरिनेछ। प्रत्येक विद्यालयमा पोषण बगैचा बनाउनुका साथै दिवाखाजाका लागि कोदो उत्पादन गर्न प्रोत्साहन गरिनेछ। शिक्षकको पेसागत सिप र क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था मिलाइनेछ । प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, अभिभावक र नगरपालिकाबीच निरन्तर अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ । विद्यार्थी मूल्याङ्कन प्रणालीलाई विश्वसनीय र वस्तुनिष्ट बनाइनेछ। कक्षा ५ र ८ को परीक्षालाई नगरपालिकास्तरीय बनाइनेछ । पाठ्यक्रममा आधारित विद्यार्थी मूल्याङ्कनलाई सहज रूपमा लागू गर्न आवश्यक सामग्रीको व्यवस्था मिलाइनेछ।

**२९.** **'अतिथि शिक्षक शिक्षण कार्यक्रम'** सञ्चालन गरिनेछ । त्यसका लागि कम्तिमा महिनाको एक पटक छिमेकी विद्यालयमा मुख्य विषयका शिक्षकले शिक्षण गरी सिकाइ अनुभव आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ। विद्यालय अनुगमन तथा सुपरीवेक्षण कार्यलाई नियमित बनाइनेछ । शिक्षक पेसागत सहयोगका लागि पालिकास्तरमा विज्ञ समूह, क्षेत्रगत र विद्यालय स्तरमा शिक्षक सिकाइ समूह गठन गरी सिकाइ अनुभव आदानप्रदान र शिक्षण सिकाइका समस्या समाधान गर्ने चौतारीका रूपमा विकास गरिनेछ। वर्षमा कम्तिमा दुई पटक विद्यालय सुधारका लागि विद्यालयहरूले सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । विद्यालयमा एकदिन जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिनेछ । प्रत्येक महिना कम्तिमा एकपटक एक जना जनप्रतिनिधि विद्यालयमा पुग्ने र विद्यालयको अवस्था बुझ्ने व्यवस्था मिलाइनेछ।

**३०.** विद्यालय शिक्षामा अतिरिक्त क्रियाकलापले भविश्यको जीवन जीउने आधार बनाउँछ । विद्यालयमा अतिरिक्त क्रियाकलाप अनिवार्य गराइ नगरपालिका स्तरीय अतिरिक्त क्रियाकलाप र पढाइ मेला सञ्चालन गरिनेछ । अभिभावकको चाहना अनुरूप तल्ला कक्षाहरूमा अङ्ग्रेजी माध्यमबाट पठनपाठन गर्न आवश्यक प्रोत्साहन गरिनेछ । असहाय, अनाथ र जोखिममा परेका बालबालिकाहरूहरूको अभिभावकत्त्व ग्रहण गर्ने अभिभावकहरूलाई सम्मान गरिनेछ । प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूका लागि दिवाखाजा वापतको रकम प्रदान गरिनेछ । दिवाखाजाका लागि स्थानीय उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

**३१.** सिर्जनशील, इमान्दार, जिम्मेवार र अनुशासीतलाई पुरस्कार र खराबलाई दण्डको नीति अवलम्बन गरिनेछ । उत्कृष्ट काम गर्ने शिक्षक र कर्मचारीहरूलाई वार्षिक रूपमा सम्मानसहित पुरस्कृत गरिनेछ । कार्यसम्पादन न्यून रहेका, गैरजिम्मेवार रूपमा प्रस्तुत हुने र पदीय जिम्मेवारी, दायित्व र आचरण विपरीत कार्य गर्ने शिक्षक र कर्मचारीलाई दण्डित गरिनेछ । प्रधानाध्यापकसँगको कार्यसम्पादन करार नवीकरण गरी थप जिम्मेवार बनाइनेछ । गैरसरकारी सङ्घ संस्थाहरूसँगको सहकार्यमा शिक्षकहरूलाई अन्तर विद्यालय भ्रमणको व्यवस्था मिलाइनेछ ।

**३२.** टोल पढाइ तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालयमा दिवा खाजा कार्यक्रमलाई थप गुणस्तरीय र व्यवस्थित बनाइनेछ । विद्यालयमा जङ्कफुड बन्देज गरी जङ्कफुड तिरस्कार अभियान सञ्चालन गरिनेछ । स्वच्छ र मनोरम वातावरणका लागि हरित विद्यालय बनाउन वृक्षारोपण र फुलबारी निर्माणका लागि शिक्षक विद्यार्थी परिचालन गरिनेछ । उच्च शिक्षा प्रदायक संस्थाहरूको भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ । जहारी क्याम्पस खोलागाउँमा भौतिक पूर्वाधार निर्माणको काम अगाडि बढाइनेछ ।

**३३.** खेलकुदको विकास र प्रवर्धनका लागि खेलकुद पूर्वाधार निर्माण गरिनेछ । चौरजहारी नगरपालिका वडा नं. २ मा रङ्गशाला निर्माणको काम सुरु गरिनेछ । एक वडा एक खेलमैदान पूर्वाधार निर्माणका लागि प्राथमिकता दिइनेछ । वडा नं. ३ स्थित स्यालखोलामा खेलमैदान निर्माण गरिनेछ । कालिका आधारभूत विद्यालय लयाँटामा फिल्ड निर्माण गर्नुका साथै विद्यायलस्तरबाट नै खेल प्रतिभाको पहिचान र अवसरका लागि नगर प्रमुख कप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

चौरजहारी नगरपालिका (प्रारुप)

३४. साहित्य, कला, सङ्गीत, अभिनय र खेलकुद जस्ता सिर्जनशील क्षेत्रमा युवाको संलग्नतालाई प्रोत्साहन गरिनेछ। समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत, कुरीति, लैंगिक हिंसा, विभेद र विषमता जस्ता समस्या हटाउन युवा परिचालन गर्ने नीति लिइनेछ। युवाहरूका लागि व्यवसायीक योजना, सकरात्मक सोच तथा युवाहरूको नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ।

३५. **'प्रवर्धन गरौं स्वास्थ्य सेवा : स्वस्थ जीवन र दीर्घायु टेवा'** भन्ने नारा अवलम्बन गरिनेछ। त्यसका लागि स्वास्थ्य क्षेत्रको सबलीकरण गर्न आधारभूत स्वास्थ्य सेवा र खोपको सुनिश्चिता गरिनेछ। सङ्घीय सरकार र चौरजहारी अस्पतालसँगको सहकार्यमा मेडिकल कलेज सञ्चालनका लागि पहल गरिनेछ। औषधी एवम् उपकरणको उपलब्धता, गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य पूर्वाधार विकास लगायतका कार्यलाई प्राथमिकता दिइनेछ। त्यसैगरी स्वास्थ्यकर्मीको उपलब्धता, स्वास्थ्यकर्मी तथा स्वास्थ्यसँग सम्बन्धित सबै जनशक्तिको क्षमता विकास गरिनेछ। शहीदस्मृति नगर अस्पताललाई पूर्वाधार, उपकरण र जनशक्तिले थप व्यवस्थित र सुविधा सम्पन्न बनाइनेछ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

३६. नगरवासी सबैलाई स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध हुन उत्प्रेरित गरिनेछ। जनयुद्ध तथा जनआन्दोलनका घाइते, शहीद परिवार, कुमाल, वादी समुदाय लगायत विपन्न परिवारलाई परिचय पत्रका आधारमा नि:शुल्क स्वास्थ्य बिमा गर्ने व्यवस्था मिलाइनेछ। महिला स्वास्थ्य स्वयंसेवीकाहरूको योगदानको कदर गर्दै सम्मान गरिनेछ। जेष्ठनागरिकहरूलाई घरमै पुगेर स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाइनेछ।

३७. आयुर्वेद, प्राकृतिक तथा होमियोपेथी एवम् वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार गरिनेछ। योगा, खुला जीमखाना लगायतका प्रशिक्षण र संरचना निर्माण गरिनेछ। मनोसामाजिक परामर्श प्रभावकारी हुने गरी वडा, टोल तथा बस्तीसम्म विस्तार गरिनेछ।

३८. नगरपालिकाभित्र भएका एम्बुलेन्स सेवालाई थप प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ। सुत्केरी हुन अस्पताल जाने महिलाहरूलाई नगरपालिका क्षेत्रभित्र अस्पतालसम्म जानका लागि पूर्ण नि:शुल्क सेवा प्रदान गरिनेछ। वर्थिङ सेन्टरलाई व्यवस्थित गर्नुका साथै गाउँगाउँमा पुगेर गर्भवती महिलाहरूका लागि भिडियो एक्सरे गर्ने व्यवस्था मिलाइनेछ। चौरजहारी नगरपालिकालाई शून्य होमडेलिभरी सुनिश्चित नगरपालिका घोषणा गरिनेछ।

३९. **'रोग लागेपछि उपचार गरेर सन्चो हुनुभन्दा रोग लाग्न नदिनु नै बुद्धिमानी हुन्छ'** भन्ने मान्यतालाई आत्मसात गरिनेछ । स्वस्थ जीवनशैलीतर्फ प्रोत्साहनका लागि समुदाय स्तरमा सामाजिक परिचालनका माध्यमबाट स्वास्थ्य जागरण तथा प्रवर्दनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । महिला स्वास्थ्य स्वयंसेविकाहरूले गर्नु भएको सेवा प्रशंसनीय छ । स्वास्थ्य स्वयंसेवीहरूकाहरूलाई यातायात खर्च, पोसाक भत्ता तथा प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

४०. स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउन दुर्गम क्षेत्रमा स्वास्थ्य सेवाको पहुँचलाई विस्तार गरिनेछ । त्यसका लागि कोटजहारी ९ मा १५ शैयाको अस्पताल निर्माण कार्यलाई गति प्रदान गरी भवन निर्माण गरिनेछ । पोषणमैत्री स्थानीय तह घोषणा गर्न आवश्यक पक्षको प्रवर्धन गर्नुका साथै सुत्केरी पोषण कोसेली कार्यक्रम सञ्चालन गरिनेछ ।

४१. राजनीतिक व्यवस्था र अवस्था परिवर्तनका लागि शहीद, बेपत्ता, जनयुद्धका घाइते, अपाङ्गहरूको योगदान सदा प्रशंसनीय र उच्च छ । जनयुद्ध / जनआन्दोलनका शहीद परिवारहरू, वेपत्ता योद्धा परिवार, घाइते, अपाङ्गता योद्धाहरू, पूर्व जनमुक्ति सेनाका योद्धाहरू लगायत मुक्ति र परिवर्तनका लागि योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरूलाई सम्मान, सामाजिक पुनर्स्थापना, सिप विकास तथा आयमूलक कार्यक्रमहरूमा प्राथमिकता दिइनेछ । चौरजहारी क्षेत्रभित्रका जनयुद्ध र जनआन्दोलनका शहीदहरूको सम्मानमा शहीद गेट र शहीद पार्क निर्माण कार्य गर्नुका साथै भएका संरचनाहरूलाई थप व्यवस्थित गरिनेछ ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

४२. तुलनात्मक रूपमा दलितहरू आर्थिक रूपमा विपन्न भए पनि उनीहरू सिपका धनी छन् । उनीहरूको परम्परागत पेसालाई आधुनिकीकरण र व्यवसायीकरण गर्दै लिइनेछ । मानव अधिकारको विश्वव्यापी मान्यता अनुरूप दलित अधिकारको संरक्षण गर्ने र जातीय छुवाछुत तथा भेदभाव जस्ता अमानवीय गतिविधिलाई निरुत्साहित गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । अन्तरजातीय विवाह गर्ने जोडीहरूलाई एक लाखका दरले प्रोत्साहन रकमसहित सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरू लगायतका  लक्षित वर्गहरूका लागि सीप विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ । बालबालिकाहरूको क्षमता विकासका उपयुक्त अवसरहरू प्रदान गरिनेछ ।

**४३.** बालविवाह, छुवाछुत, महिला हिंसा, बालश्रम शोषण, मदिरापान तथा विक्रीवितरण, धाँमी झाँक्री लगायतका अन्धविश्वास, कुसंस्कार, कुरीतिलगायतका सामाजिक सांस्कृतिक विकृति विसङ्गति विरुद्ध सामाजिक सांस्कृतिक रुपान्तरणको अभियान सञ्चालन गरिनेछ । बालविवाह गर्ने गराउने तथा प्रोत्साहन गर्नेहरूलाई सामाजिक बहिष्कारको नीति अवलम्बन गरिनेछ । विवाह गर्नुपूर्व वडा कार्यालयबाट अनिवार्य सिफारिस लिनुपर्ने व्यवस्था मिलाइनेछ ।

**४४.** लैगिंक हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गरिने छ । लैङ्गिक समानता र सामाजिक समावेशीकरण रणनीतिको अद्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ । नगरपालिकाको नीति, कार्यक्रम र बजेटको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण वार्षिकरुपमा गर्ने व्यवस्था मिलाइने छ । लैङ्गिक हिंसा एवम् विभेद विरुद्धका कार्यक्रमहरूको नियमित समीक्षा, अनुगमन मूल्याङ्कन कार्यलाई प्राथमिकता दिइनेछ । महिला, दलित,विपन्न वर्गको क्षमता विकास र दिगो आयआर्जनमा टेवा पुर्‍याउन आयआर्जमूलक र सीपमूलक तालिमको व्यवस्था गरिनेछ । किशोरीहरूका लागि आत्मरक्षा तालिमको व्यवस्था हुनेछ । लागू पदार्थ दुर्व्यसन न्यूनीकरण सम्बन्धी सचेतामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**४५.** सामाजिक परिचालन, सामाजिक विकृति र विसङ्गतिको अन्त्य गरी सभ्य र न्यायपूर्ण समाज निर्माण आजको आवश्यकता हो । प्रत्येक वडामा सामाजिक रूपान्तरण तथा सभ्य, समता र न्यायमा आधारित समाज निर्माण गर्न सामाजिक रुपान्तरण क्लव गठन गरी परिचालन गरिनेछ ।

**४६.** ७० वर्ष माथिका जेष्ठ नागरिक, शहीद परिवार एकाघरका सदस्यहरू, पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरू एवम् अतिविपन्न गरिब परिचयपत्र प्राप्त गरेका व्यक्तिहरूलाई नगर बस तथा एम्बुलेन्स सेवामा सहुलियत प्रदान गरिनेछ । नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका निजी क्लिनिक, पोलिक्लिनिक, अस्पताल, फार्मेसीहरू मापदण्डअनुसार सञ्चालन हुने नीतिलाई निरन्तरता दिइनेछ ।

**४७.** आमावुवा जीवनदाता हुन् । आमावुवाप्रति छोराछोरीको जिम्मेवारी र उत्तरदायित्वबाट पन्छिने गलत प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक छ । त्यसका लागि आमावुवाको सम्मान र सामाजिक सुरक्षालाई परिवारबाटै सुव्यवस्थित गर्न प्रोत्साह गरिनेछ । जेष्ठ नागरिकहरूलाई सम्मान गरिनेछ । जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, बालबालिकालगायतको सहजताका लागि बैङ्कहरूसँगको सहकार्यमा वडास्तरबाटै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

**४८.** गर्भवती, महिला, सुत्केरी, अपाङ्गता, दीर्घ रोगी, जेष्ठ नागरिक, एकल महिला, र पुरुष ६ सय ४० जनालाई रु. ३६ हजारका दरले आर्थिक सहायता प्रदान गरिनेछ । दुई वर्ष मुनिका बालबालिका र छ महिना मुनिका सुत्केरी ८ सय जनालाई रु. १० हजारका दरले नगद प्रदान गरिनेछ ।

**सभाका सदस्यहरू,**

## पूर्वाधार विकास

**४९.** मुल र सहायक सडक जोड्न अति आवश्यकीय स्थानमा सडकको नयाँ ट्र्याक खोलिनेछ । ट्र्याक खोलिएका सडकहरूको स्तरोन्नती गरिनेछ । सडकहरूको मर्मतसम्भार गरी बाह्रै महिना सञ्चालन हुने व्यवस्था मिलाइनेछ । मुख्य र वडा कार्यालयसम्म आगामी तीन वर्षभित्र कालोपत्रे गर्ने कार्य सम्पन्न गरिनेछ । चौरजहारी बजारको बसपार्कलाई सम्पन्न गर्नुका साथै खोलागाउँमा व्यवस्थित बसपार्क निर्माणको कामलाई गति प्रदान गरिनेछ । नगरपालिका क्षेत्रभित्र सहज आवतजावतका लागि नगर बस सेवा सञ्चालनलाई निरन्तरता दिइनेछ ।

**५०.** निर्माण गरिने पूर्वाधारहरूको दीगोपना र गुणस्तर कायम गर्नका लागि नगरपालिकामा पूर्वाधार ल्याव स्थापना गर्न आवश्यक पहल गरिनेछ । आयोजनाको आयु निर्धारण गरी गुणस्तर प्रवर्धनमा जिम्मेवार बनाइनेछ ।

**५१.** सङ्घ र प्रदेशसँगको समन्वयनमा निर्माणाधीन पक्की सडकहरू निर्माण कार्य सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ । सङ्घ सरकारको सहकार्यमा पाँच सय जना क्षमता भएको सभाहल निर्माणको कामलाई समयमै सम्पन्न गर्न आवश्यक समन्वय र सहजीकरण गरिनेछ । संरचना निर्माण गर्दा स्थानीय श्रम र निर्माण सामग्रीलाई उपयोग गर्नुपर्ने नीति लिइनेछ । पूर्वाधार निर्माणमा स्थानीय गोइरीको स्लेट ढुङ्गा प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

चौरजहारी नगरपालिका रूकुम (पश्चिम)

**५२.** नेपाल भूकम्प जोखिममा रहेको विश्वको ११ औं मूलुक हो । हाम्रो क्षेत्र पनि भूकम्पको उच्च जोखिममा छ । भवन लगायतका भौतिक संरचनाहरू भूकम्प प्रतिरोधी बनाउन आवश्यक छ । यसका लागि राष्ट्रिय भवन संहिता र भवन निर्माण मापदण्डको कडाइपूर्वक कार्यान्वयन गरिनेछ । नक्सा पास गरेर मात्र भवन निर्माण गर्न पाइने कानुनी व्यवस्थाको पूर्ण कार्यान्वयन गरिनेछ । नक्सा पास नगरी निर्माण भइरहेका भवनको अनिवार्य रूपमा अभिलेखीकरण गर्ने व्यवस्थालाई थप प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

**५३.** विद्युत लाइन पुग्न बाँकी वस्तीहरूमा विद्युत लाइन विस्तार गरिनेछ । विद्युत लाइन विस्तारको जिम्मा लिएर लामो समयदेखि योजना अलपत्र छोडेका निर्माण व्यवसायीहरूलाई समयमै काम सम्पन्न गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय गरी जिम्मेवार बनाइने छ । वैकल्पिक ऊर्जा प्रवर्धनलाई प्रोत्साहन गरिनेछ ।

**५४.** पुष्पलाल (मध्यपहाडी) लोकमार्गको चौरजहारी जाजरकोट जोड्ने भेरी पुल निर्माणका लागि सङ्घ सरकारसँग पहल गरिनेछ । चौरजहारी नगरपालिकाका विभिन्न खोलाहरू सहज रुपमा वारपारका लागि झोलुङ्गे पुलहरू निर्माण गरिनेछ । वडा नं. १० र १३ र वडा नं. १२ मा झोलुङ्गे पुल निर्माण कार्य अघि बढाइनेछ । DPR भइसकेका सडक पुल र झोलुङ्गे पुलमा आवश्यक बजेट विनियोजनका लागि विशेष पहल गरिनेछ । पुल बनाउन आवश्यक ठाउँमा DPR को काम अगाडि बढाइनेछ ।

**५५.** सङ्घ तथा प्रदेश सरकारसँगको साझेदारीमा सुख्खा खेतीयोग्य भूमिमा सिंचाइ सुविधा विस्तार गरिनेछ । कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सुख्खा र अग्ला स्थानहरूमा आकाशे पानी सङ्कलन पोखरी निर्माण गरिनेछ ।

**५६.** पूर्वाधार निर्माणमा उपभोक्तालाई जिम्मेवार बनाइनेछ । जनसहभागितामा आधारित विकास आयोजनालाई प्राथमिकता दिइनेछ । निर्माण कार्यको गुणस्तर प्रवर्धन र कानुनी प्रक्रियाबारे अभिमुखीकरणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ । **'एक घर एक खानेपानी धारा'** को अभियानलाई थप विस्तार र व्यवस्थित गरिनेछ । खानेपानी सुरक्षा योजना सञ्चालन गरिनेछ

। सबै आयोजनाहरू सम्बन्धित उपभोक्ताहरूलाई हस्तान्तरण गरी मर्मत सम्भारमा जिम्मेवार बनाइनेछ ।

५७. नगरपालिका क्षेत्रभित्रको सञ्चार सेवालाई नेपाल टेलिकम र इन्टरनेट सेवा प्रदायक संस्थाहरूसँगको सहकार्यमा व्यवस्थित र गुणस्तरीय बनाउनुका साथै नुवाकोट, मानाकोट लगायतका ठाउँमा नेपाल टेलिकमको टावर जडानका लागि आवश्यक समन्वय गरी सञ्चालन गरिनेछ ।

५८. विकास निर्माण र संरक्षणमा स्थानीय समुदायलाई जिम्मेवार बनाइनेछ । सडक, विद्युत लगायतका पूर्वाधार विस्तारमा अवरोध गर्ने तथा विकास विरोधी गतिविधिमा संलग्नलाई कानुनी दायरामा ल्याइनेछ ।

५९. सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने सशस्त्र, समपूरक, विशेष अनुदान र नगरपालिकाबाट प्राप्त बजेटबाट ठेक्का आह्वान गरी बचत हुन गएको रकमबाट आवश्यकताका आधारमा पुन: ठेक्का गरी बजेट कार्यान्वयन गरिनेछ ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

**सभाका सदस्यज्यूहरू,**

## वन, वातावरण तथा विपद् व्यवस्थापन

६०. २०८० कार्तिक १७ गते जाजरकोट रामीडाँडा केन्द्रविन्दु भइ गएको भूकम्पका कारण भएका निजी आवास र सार्वजनिक संरचना पुनर्निमार्णलाई पहिलो प्राथमिकता दिइनेछ । पुनर्निमार्णका लागि सङ्घ र प्रदेश तथा गैरसरकारी सङ्घसंस्थाहरूसँग सहकार्य गरिनेछ ।

६१. **'स्वच्छ वातावरण : स्वच्छ जीवन'** हरियाली चौरजहारी नगरको अभियान सञ्चालन गरिनेछ । जलाधार क्षेत्र र पानीका मुहानहरूको संरक्षणका लागि सुख्खा डाँडा तथा नदी किनारका फाँटमा वृक्षारोपण अभियानका साथै वन तथा वन्यजन्तु विशेष सुरक्षित क्षेत्रको विकास गरिनेछ । त्यसका लागि वन नर्सरी स्थापना गरी सञ्चालनमा ल्याइनेछ । सामुदायिक वन उपभोक्ता समितिलाई वन तथा वन्यजन्तु संरक्षणमा जागरूक र क्रियाशील बनाइनेछ ।

**६२.** वन तथा वातावरण जोगाउन तथा घरभित्रको धुँवा नियन्त्रण गरी भान्छामा काम गर्ने महिलाहरूको स्वास्थ्यमा पर्ने असर न्यूनीकरण गर्न सुधारिएको चुलो बनाउने तथा विद्युतीय चुलो जडान गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

**६३.** स्वच्छ र हरियाली वातावरणका लागि **'भोट बराबर बोट रोपण'** कार्यक्रम सञ्चालन गरिनेछ। त्यसका लागि १५ हजार बिरुवा रोपिने छ। बस्ती, टोल तथा गाउँको उचित स्थानको छनोट गरी वरपीपल रोपी संरक्षण गर्नेलाई प्रोत्साहन स्वरूप आर्थिक सहायता प्रदान गरिनेछ। चौतारी निर्माण तथा मर्मत सम्भारको कार्यमा स्थानीय समुदायलाई परिचालन गरिनेछ।

**६४.** भौतिक संरचनाहरू निर्माण गर्दा बालमैत्री, अपाङ्गतामैत्री र वातावरणमैत्री बनाउन विशेष ध्यान दिइनेछ । पूर्वाधार विकास गर्दा हुनसक्ने भूक्षयलाई कम गर्नका लागि बायोइन्जिनियरिङ पद्धतिलाई अवलम्बन गरिनेछ।

बौरजहाँ नगरपालिका रुकुम (पश्चिम)

**६५.** वातावरणमैत्री विकासका लागि सबै सचेत र सृजक बन्नुपर्ने अवस्था आएको छ। विकास गर्दा महत्त्वपूर्ण सम्पदाको संरक्षणमा सचेत बन्नुपर्छ। त्यसका लागि पर्यटकीय जङ्गल, पानीका मुहान भएका धार्मिक पुरातात्विक र वातावरणीय अनुकूलनका क्षेत्रहरूमा डोजर प्रयोग नगरी श्रम परिचालन मार्फत् पदमार्गहरू निर्माण गरिनेछ।

**६६.** वातावरण अनुकूल दिगो विकासको लागि कानुनबमोजिम सङ्क्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने व्यवस्थालाई कडाइपूर्वक कार्यान्वयन गरिनेछ।

**६७.** घर तथा बजार क्षेत्रबाट निस्कने फोहरमैला वातावरण प्रदुषणको मुख्य कारक तत्व हो। यसको व्यवस्थापनका लागि स्थानीयवासीसँग सहकार्य गरिनेछ। वडा नम्बर ३ मा ल्याडफिलसाइट निर्माण कार्य सम्पन्न गरी सरसफाइ सिकाइ केन्द्रका रूपमा विकास गरिनेछ।

**६८.** विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी सोहीअनुसार विपद् व्यवस्थापनका कार्यहरू अगाडि बढाइनेछ। स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको कार्यान्वयन गरिनेछ।

विपद् जोखिम रोकथाम, तयारी, राहत तथा पुनस्थापनाका लागि कार्ययोजना बनाइ कार्यान्वयनमा ल्याइनेछ । सङ्घ सरकारको सहयोग र सहकार्यमा दमकलको व्यवस्था गर्न प्रयत्न गरिनेछ ।

६९. प्रकोप व्यवस्थापन कोषलाई थप व्यवस्थित गरिनेछ । सङ्घ तथा प्रदेश सरकारसँगको साझेदारीमा प्राकृतिक प्रकोपको कारण घर संरचना पूर्ण रुपमा नष्ट भएका, जोखिमपूर्ण अवस्थामा रहेका वा आंशिक रूपमा क्षति भएका घरपरिवारको घर संरचना प्रबलीकरण, पुर्ननिर्माण तथा पुर्नस्थापनाको कार्य गरिनेछ ।

७०. आवास विहीनका लागि आवासको व्यवस्था मिलाइनेछ । सङ्घ तथा प्रदेश सरकारसँगको सहकार्यमा भूमिहीन तथा घरवारविहीन विपन्न परिवारहरूको आवास निर्माण गरिनेछ ।

७१. जहारीखोला, नार्जी, कालीगार टोटाखोला, साक्चा लगायतका खोलाहरूमा बाढीका कारण जमीन कटान हुने अवस्था रहेको छ । खेतीयोग्य जमीन कटान रोक्न तथा भूक्ष्यको जोखिम न्यूनीकरण गर्न वृक्षारोपण र तटबन्ध निर्माण गर्ने कार्यको व्यवस्था मिलाइनेछ ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

**सभाका सदस्यज्यूहरू,**

## सुशासन तथा संस्थागत विकास

७२. चौरजहारी नगरपालिकावाट प्रदान गरिने सेवाहरूलाई सहज, छिटो छरितो, पारदर्शि, समावेशी र नागरिकमैत्री बनाउन UNDP/EUSIF परियोजनाको प्राविधिक सहयोगमा सञ्चालनमा आएको एकीकृत सेवा प्रवाह सञ्चालन केन्द्र (One Stop Service Delivery, OSSD) लाई थप व्यवस्थित रुपमा सञ्चालन गरिने छ । सेवा प्रवाहलाई विश्वसनीय र परिणाममुखी बनाउन सेवा प्रवाहमा टोकन र टाइम कार्ड प्रणालीलाई थप व्यवस्थित गरिनेछ । विभिन्न शाखाहरूबाट प्रदान गरिने सेवाहरूलाई एकै स्थानबाट सेवा प्रदान गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

७३. उद्योग, वाणिज्य, समूह, संस्था र निजी फर्महरूको दर्ता, नवीकरण, संशोधन र खारेजी जस्ता कार्यलाई कार्यालय स्वःचालन प्रणाली (Office Automation System, OAS) को प्रयोगमार्फत् प्रविधिमैत्री बनाइनेछ । एकीकृत सेवा प्रवाहसँगै आगामी वर्षमा थप पाँच प्रकारका

सेवाहरूमा कार्यालय स्वचालन प्रणाली (OAS) बाट प्रवाह गरिने व्यवस्था मिलाइनेछ। साथै यस नगरपालिमा दर्ता भएका तर वार्षिकरुपमा नवीकरण नभएका उद्योग, निजी फर्म र व्यवसायीहरूको विल जारी गर्न र नवीकरणका लागि मोवाइल सूचना प्रवाह हुने व्यवस्था मिलाइनेछ। कार्यालयसँगको सहज सम्पर्कका लागि टोल फ्री नम्बर सञ्चालनमा ल्याइनेछ।

**७४.** चौरजहारी नगरपालिकावाट प्रवाह हुने सेवा सुविधा प्रति नागरिकको सेवा प्रतिको सन्तुष्टि मापन गर्ने कार्यलाई निरन्तरता दिईने छ। साथै नगरपालिकासँग सम्बन्धित नागरिकका गुनासोहरूलाई सम्बोधन गर्न उच्चतम प्रविधिको प्रयोग गरि गुनासोहरुको सङ्कलन, सुनुवाइ र सम्बोधन कार्यलाई व्यवस्थित गरिने छ।

**७५.** नगरपालिकाको संस्थागत सुशासन र मानव संसाधन विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी सङ्घसंस्थाहरूसँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइने छ । कार्यपालिका कार्यालको सेवा प्रवाहलाई थप व्यस्थित र प्रभावकारी बनाउन नागरिक सहायता कक्ष सञ्चालन गरिनेछ ।जेष्ठ नागरिक, गर्भवती र सुत्केरी महिला, बालबालिका, अपाङ्गता भएका सेवाग्राहीहरूलाई सेवामा पहिलो प्राथमिकता दिइनेछ।

**७६.** सार्वजनिक सेवालाई पारदर्शी, जवाफदेही, दिगो र परिणाममुखी बनाउँदै नागकिलाई सूचना, सेवा र अवसरमा विभेद रहित पँहुच अभिवृद्धि गर्न अधिकतम रुपमा विद्युतीय सूचना प्रणाली (E-Governance System) को नीति अवलम्बन गरिनेछ। साथै, जनप्रतिनिधि र कर्मचारीहरुको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक विषयगत र क्षेत्रगत क्षमताको विश्लेषण मार्फत संस्थागत सुशासन कायम गर्ने गर्ने नीति लिईने छ। चौरजहारी नगरपालिको वस्तुस्थिति झल्किने गरि डिजिटल गाउँ पाश्वचित्र (Municipal Digital Profile) निर्माण गरि नियमित अद्यावधिक गर्ने व्यवस्था मिलाइने छ । GIS Based House Numbering गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

**७७.** चौरजहारी नगरपालिकामा अभिलेखहरुको दिगो व्यवस्थापनका लागी डाटा सर्भरलाई थप व्यवस्थित गरि अभिलेखीकरण गरिने छ। साथै, एकीकृत र प्रविधिमैत्री सेवा प्रवाह गर्न सुचना प्रविधि केन्द्र (Information Techno Hub) स्थापना गरि डिजिटल नगरका रुपमा विकास गरिने छ।

७८. नगरपालिकाबाट सम्पादन हुने सबै कार्यहरू एवम् सार्वजनिक सेवाप्रवाहलाई प्रविधिमैत्री बनाइनेछ । डिजिटल नागरिक बडापत्र लगायत नवीनतम् सूचना प्रविधिको उच्चतम् उपयोग गरिनेछ । सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, परिणामुखी, चुस्तदुरुस्त, छिटोछरितो, पारदर्शी र अनुमानयोग्य बनाउने नीति लिइनेछ । नगर कार्यपालिकाको कार्यालयलाई थप व्यवस्थित बनाइ सेवा प्रवाहलाई सहज बनाइनेछ ।

७९. नगरका रणनीतिक महत्त्वका आयोजनाहरूको पूर्व सम्भाव्यता अध्ययनसहित विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पारी सङ्घ तथा प्रदेश सकारसँगको साझेदारीमा निर्माण कार्य अगाडि बढाइनेछ । अन्धाधुन्द बजेट विनियोजन हुने प्रवृत्तिलाई अन्त्य गर्न मागको आधारमा नभइ आवश्यकताको आधारमा बजेट विनियोजन गर्ने नीति अख्तियार गरिनेछ । साना र प्रतिफल नदिने फजुल खर्च हुने आयोजनाहरूमा बजेट विनियोजन गरिने छैन । लगानी गर्दा प्रतिफल प्राप्त हुने कुरालाई सुनिश्चित गरिनेछ ।

८०. वडाहरूमा प्रशासनिक तथा पूँजीगत बजेट निश्चित मापदण्डको आधारमा मात्र विनियोजन गरिनेछ । दामासाही किसिमले बजेट विनियोजन गर्ने प्रवृत्तिलाई अन्त्य गरिनेछ । सङ्घ र प्रदेशबाट विनियोजित बजेटमा दोहोरो पर्ने किसिमले बजेट विनियोजन गरिने छैन ।

८१. विकास निर्माण कार्यमा गुणस्तर कायम गर्न दक्ष जनशक्ति, स्थानीय श्रमिकको सहभागिता तथा अनुगमन र मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ । नतिजामूलक अनुगमन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । वडास्तरीय एवम् नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको दक्षता अभिवृद्धिको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

८२. सिर्जनशीललाई प्रोत्साहन, उत्कृष्टलाई पुरस्कार र खराबलाई दण्डको मान्यता अनुरूप उत्कृष्ट कार्य सम्पादन गर्ने राष्ट्रसेवक, शिक्षक, कर्मचारी तथा जनप्रतिनिधिलाई पुरस्कृत गरिनेछ । चौरजहारी नगरपालिका क्षेत्रभित्रका स्थायी ठेगाना भएका नवनियुक्त शिक्षक, कर्मचारी, सेना, प्रहरी लगायतका क्षेत्रमा प्रवेश गरेका जनशक्तिलाई सम्मान गरिनेछ । नगरपालिकाको

कार्यसम्पादनलाई छिटोछरितो, पारदर्शी, गुणस्तरीय र प्रविधिमैत्री बनाउँदै भ्रष्टाचारविरुद्ध कठोर कदम चालिनेछ । कार्यसम्पादनलाई परिणामुखी बनाउन सबै शाखा प्रमुख, वडा सचिव, स्वास्थ्य संस्था प्रमुख, सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करार सम्झौता गरी सूचकहरूको आधारमा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइने छ । अन्तरनिकाय समन्वयलाई प्रभावकारी बनाइनेछ ।

**८३.** राजश्वको दायरा फराकिलो गरी राजश्वको विविधिकरण एवम् विस्तारीकरणमा जोड दिइनेछ । प्रगतिशील करको सिद्धान्त अनुसार करको दर र दायरा निर्धारण हुने नीति अवलम्बन गरिनेछ । राजश्व सङ्कलनमा नगर बस, एम्बुलेन्स, जेसिबी, कृषि तथा पशु एम्बुलेन्स थप व्यवस्थित रूपमा सञ्चालन गरिनेछ । आन्तरिक र अन्तिम लेखापरीक्षण कार्य प्रभावकारी रुपमा गराइने छ । समयमै बेरुजु फछ्यौट गर्ने कार्यलाई कडाइ गर्नुका साथै कानुनी दायरामा ल्याइने छ । आर्थिक वर्ष २०८१/०८२ लाई बेरुजु फर्च्यौट वर्षका रूपमा लिइनेछ ।

**८४.** **'स्वस्फूर्त रुपमा तिरौं कर : आत्मनिर्भर बनाऔं चौरजहारी नगर'** भन्ने आदर्शलाई आत्मसात गरिनेछ । कर तिर्नु कर्तव्य र गौरव दुबै हो । कर सङ्कलन र करदाता शिक्षाको लागि नगर प्रहरी लगातयको संयन्त्र परिचालन गरिनेछ । कर सङ्कलनको कार्यलाई सरल, सहज, सुलभ र करदातामैत्री बनाइनेछ । करदाताहरूको विवरण अद्यावधिक गरी नियमित रुपमा कर तिर्ने करदातालाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ । सेवा प्रवाहमा नियमानुसारका कर तिरेको हुनुपर्ने बाध्यकारी व्यवस्था गरिनेछ ।

**८५.** कर तथा गैरकर राजश्व अनुगमन गर्न विशेष अनुगमन टोली गठन गरिनेछ । राजश्व सङ्कन गर्ने नगर कार्यपालिका कार्यालय र सोअन्तर्गतका निकायहरूको वार्षिक लक्ष्य निर्धारण गरी समयमै असुल तथा प्रगति हासिल गरेको आधारमा सम्मान र प्रोत्साहन गरिनेछ ।

**८६.** चौरजहारी नगरपालिका क्षेत्रमा पुष्पलाल (मध्यपहाडी) राजमार्ग अन्तर्गत पर्ने नयाँ सहर विकास कार्यक्रम अगाडि बढेको छ । यसको विकासले चौरजहारी नगरवासीको समृद्धिको आकाङ्क्षा पूरा गर्न मद्दत पुग्ने देखिन्छ । शीघ्र र तीव्र सहरीकरणका लागि बसाइँसराइमा आकर्षण गर्न जरुरी छ । त्यसैले चौरजहारी नगरपालिका क्षेत्रभित्र बसाइँसराइ गरेर आउनेहरूका लागि घर बनाउँदा नक्सापासमा २५ प्रतिशतले हुन आउने रकम छुट दिइनेछ ।

८७. मुस्कानसहितको सार्वजनिक सेवा प्रवाह नगरपालिकाको मुलभूत आदर्श हुनेछ। सरल,सहज र नियमित रुपमा सूचना उपलब्ध गराइ सूचनाको हकको प्रत्याभूति गराइनेछ । पारदर्शिता र जनउत्तरदायी एवम् सुशासन प्रवर्द्धनका लागि नगर कार्यपालिकाको कार्यालय र सो मातहतका सबै निकायले त्रैमासिक रुपमा सार्वजनिक सुनाइ गर्ने व्यवस्था मिलाइनेछ। सभा, सम्मेलन, बैठक लगायतका औपचारिक कार्यक्रमहरू निर्धारित समयमै सुरु र अन्त्य गर्ने संस्कारको विकास गरिनेछ।

८८. स्थानीय एफ.एम. रेडियो, पत्रपत्रिका र अनलाइनलाई व्यवस्थित गरिनेछ। सञ्चार माध्यमहरूको पूर्वाधार विकास तथा कार्यक्रम उत्पादन र प्रशारणका लागि साझेदारी गरिनेछ। नगरपालिकाका गतिविधिहरू आम नागरिक समक्ष पुर्‍याउन नगर सेरोफेरो, शिक्षा सरोकार लगायतका रेडियो कार्यक्रमका साथै सूचना तथा सन्देश प्रशारण तथा प्रकाशनलाई निरन्तरता दिइनेछ। विद्युतीय र छापा माध्यमबाट सेवा प्रदान गर्ने स्थानीय सञ्चार माध्यमलाई प्रोत्साहित गरिनेछ।

८९. सञ्चार माध्यमहरूलाई लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरण गर्न आवश्यक प्रबन्ध मिलाइनेछ। सञ्चार माध्यमहरूलाई अभिलेखका आधारमा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ । विज्ञापनका लागि समयमै सूचीकृत हुनुपर्ने व्यवस्थालाई बाध्यकारी बनाइनेछ । पत्रकारहरूको पेसागत क्षमता अभिवृद्धिको लागि सहकार्य गरिनेछ।

९०. जनप्रतिनिधि तथा स्थानीय सरकार अन्तर्गत काम गर्ने कर्मचारी, नगर प्रहरी, शिक्षक सबैलाई कार्यसम्पादन, जनसम्बन्ध, प्रशासन लगायतका विषयमा तालिम दिने, अनुगमन गर्ने, दण्ड र पुरस्कारको व्यवस्था गर्ने र मासिक समीक्षा तथा मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ। स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन पद्धति नमुना कार्यालय मापदण्ड लगायतका कार्यसम्पादनस्तर मापन गर्न विकास गरिएका प्रणाली र कानुनी व्यवस्थाहरूको कडाइपूर्वक कार्यान्वयन गरिनेछ। कार्यस्थलमा हुनसक्ने जोखिम बहनमा उत्प्रेरित गर्न नगर प्रहरी, कर्मचारी र जनप्रतिनिधिहरूको म्यादी जीवन बिमा गरिनेछ। कर्मचारी कल्याणकोष स्थापना गरिनेछ।

चौरजहारी नगरपालिका (नगर कार्यपालिका)

९१. सङ्गठन संरचना र दरबन्दी विवरणअनुसार कर्मचारीको व्यवस्था गरिनेछ। चुस्त र दुरुस्त सङ्गठन निर्माण गरिनेछ । सूचना प्रविधिको व्यापक प्रयोग गरी सार्वजनिक सेवा प्रवाह हुने व्यवस्था मिलाइनेछ। डिजिटल नागरिक वडापत्र, डिजिटल सूचना वोर्ड, समायनुकूल सफ्टवेयरहरूको प्रयोग, डिजिटल हाजिरी लगायतको विद्युतीय प्रविधिहरू थप प्रशंसनीय हुने गरी प्रयोग गरिनेछ।

९२. समाजमा शान्ति र अमनचयन कायम हुनका लागि समाजमा हेपिएको र चेपिएको महसुस हुने वातावरण हुनुहुदैन। आफ्नो क्षेत्राधिकारभित्र रही विवादको दीगो समाधान अर्थात् जीत जीतको अवस्था बनाउन मेलमिलापलाई प्राथमिकता दिनु सान्दर्भिक हुन्छ । त्यसका लागि न्यायीक समितिलाई सरल, सहजका साथै सुव्यवस्थित र चुस्तदुरुस्त बनाइनेछ। न्यायीक समिति, वडाका मेलमिलाप केन्द्रका पदाधिकारी तथा स्थानीय अगुवाहरूका लागि न्यायिक सचेतना तथा कानुनी शिक्षा प्रदान गरिनेछ।

९३. चौरजहारी नगरपालिकामा कार्यक्षेत्र बनाइ काम गर्ने गैरसरकारी सङ्घ संस्थाहरूले आफ्नो बजेट तथा कार्यक्रम अनिवार्य रूपमा नगर कार्यपालिकाबाट स्वीकृत गराइ कार्यान्वयन गर्नुपर्ने बाध्यकारी व्यवस्था लागू गरिनेछ। **'चौरजहारी नगरका टोल : विकास र समृद्धिका खोल'** भन्ने नाराका साथ टोल विकास संस्थालाई विकास निर्माण सभ्य र समुन्नत टोल विकासका लागि परिचालन गरिनेछ।

९४. मानव विकास तथा सामुदायिक सेवा, UNDP / EUSIF, WFP, मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र, युनिसेफ, किडार्क, TPO Nepal लगायतका गैरसरकारी संस्थाहरूको सहकार्यमा क्षमता विकास तथा पूर्वाधार निर्माणका कार्यक्रम समेत सञ्चालन गरिनेछ। खानेपानी, सरसफाइ तथा विपद् तयारी कार्यक्रम र द्वन्द्व प्रभावित व्यक्तिहरूको सामुदायिक समावेशीकरणको लागि मनोसामाजिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

९५. शान्ति सुरक्षालाई थप मजबुद बनाउन र नगरपालिकाको क्षेत्राधिकारका कार्यक्रम कार्यान्वयनमा नगर प्रहरीको भूमिका महत्त्वपूर्ण हुन्छ। नागरिक सुरक्षा, न्यायीक समितिका निर्णय कार्यान्वयन, सार्वजनिक सम्पत्तिको सुरक्षा तथा विपद् र विकास निर्माणमा नगर प्रहरीलाई जिम्मेवार रुपले थप क्रियाशील बनाइ नगर प्रहरी परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९६. **अन्त्यमा,** यो नीति तथा कार्यक्रममा महत्वपूर्ण सल्लाह, सुझाव र परामर्श दिएर सहयोग गर्नुहुने अग्रज व्यक्तित्वहरू, नगर कार्यपालिका र नगर सभाका सदस्यहरू, सबै राजनीतिक दल एवम् भातृसङ्गठनका प्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, शिक्षक, वुद्धिजीविहरू, सुरक्षाकर्मी, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी लगायत सबैमा हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद !**

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)